तिमीहरु तागूत (गैर-अल्लाह) को कसम नखाऊ न त आफ्ना पुर्खाको ।

अब्दुर रहमान बिन समुरा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरु तागूत (गैर-अल्लाह) को कसम नखाऊ न त आफ्ना पुर्खाको ।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले तागूतहरूको कसम खान निषेध गर्नुभएको छ । ‘तागूत’ 'तागीयह' शब्दको बहुवचन हो र यसको अर्थ ती मूर्तिहरू हुन् जुन बहुदेववादीहरूले अल्लाहको सट्टामा उपासना गर्थे र यो नै तिनीहरूको कुफ्र (अविश्वास) को कारण थियो । त्यसैगरी नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना पुर्खाको कसम खान निषेध गर्नुभएको छ; किनभने जाहिलियत (इस्लाम पूर्व) कालमा अरबहरूले गर्व र श्रद्धाका साथ आफ्ना पुर्खाहरूको शपथ लिने चलन थियो ।

https://sunnah.global/hadeeth/ne/show/8959